# आर्थिक ऐन, २०७४

## गल्कोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** गल्कोट नगरपालिकाको आर्थिक वर्ष २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गल्कोट नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि गल्कोट नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गल्कोट नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गल्कोट नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गल्कोट नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गल्कोट नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गल्कोट नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ

७. **सवारी साधन करः** गल्कोट नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गल्कोट नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ

९. **मनोरन्जन करः** गल्कोट नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** गल्कोट नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गल्कोट नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** गल्कोट नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गल्कोट नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गल्कोट नगरपालिका, नगर कार्यपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुची १

## सम्पत्ति कर

१. घर–जग्गा करः–

| घरजग्गाको मूल्य | करको दर |
|---|---|
| पहिलो रू. १० लाखसम्ममा | रू. १०००।– एकमुष्ठ |
| त्यसपछिको रू. १० लाखसम्ममा | रू. २०००– एकमुष्ठ |
| त्यसपछिको रू. ३० लाखसम्ममा | ०.२५ प्रतिशत |
| त्यसपछिको रू. ५० लाखसम्ममा | ०.५० प्रतिशत |
| त्यसपछिको रू. १ करोडसम्ममा | १.५० प्रतिशत |
| त्यसपछिको बाँकी रकममा | १.७५ प्रतिशत |

२. घरजग्गाको मूल्याङ्कन गर्ने तरिका

(१) घरजग्गामा कर लाग्ने क्षेत्रहरूको लागि घरको बनोटको वर्गीकरण र मूल्याङ्कन देहाय वमोजिम हुनेछः–

(क) घरको बनोटको वर्गीकरणः

(१) भित्र काँचो बाहिर ईटमा माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घर।

(२) भित्र बाहिर पाको ईट वा ढुंगामा माटोको जोडाई भएका सबै किसिमका घर।

(३) भित्रबाहिर पाको ईटमा सिमेण्ट वा वज्रको जोडाई भएका सबै किसिमका घर।

(४) आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर।

(ख) घरको मूल्याङ्कन

| सि.न. | घरको बनोट | औषत लागत दर प्रति बर्ग फुट | प्रति बर्ष टुटफुट कट्टी दर प्रतिशत | कट्टी गर्ने जम्मा बर्ष |
|---|---|---|---|---|
| १ | क(१) बमोजिमको घर | रु. ४५०।- | ३.०० | २५ |
| २ | क(२) बमोजिमको घर | रु. ५२५।- | २.०० | ३० |
| ३ | क(३) बमोजिमको घर | रु. ५७५।- | १.०० | ७० |

| | | | | |
|---|---|---|---|---|
| ४ | क(४) बमोजिमको घर | रु. ६३५।- | ०.७५ | १०० |

(ग) काचो ईट वा माटोको गारो वा बाँस वा काठको टाटी भै फुस, छवाली, खर, पराल र साधारण टीनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन।

(घ) सिनेमाहलहरूको भवनको अघिल्लो भाग (मुख्य अडिटोरियम) को मूल्याङ्कन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मूल्याङ्कन गरिनेछ।

(२) घरजग्गा कर लाग्ने क्षेत्रहरूको जग्गाको मूल्यांकन गर्दा सोको प्रयोजनको निमित्त गठित स्थानीय समितिले तोके बमोजिम हुनेछ। यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दरबमोजिम जग्गाको मूल्यांकन गरिनेछ।

## अनुसुची २

## भुमि कर(मालपोत)

१. मालपोतः

जग्गाको किसिम (अब्बल, दोयम, सिम र चहार) र उत्पादकत्व समेत हेरी एकीकृत सम्पत्ती कर लागु नहुने समयसम्मको लागी निम्नानुसारको मालपोत।

अब्बलः प्रति रोपनी रु. २५।–

दोयमः प्रति रोपनी रु. २०।–

सिमः प्रति रोपनी रु. १५।–

चाहरः प्रति रोपनी रु. १०।–

क्षेत्रहरु हेरफेर गर्नुपरेमा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुने।

२. भूमि कर

भूमिको उत्पादकत्व वा व्यापारिक आवासीय, सामुदायिक, गुठी, कृषि वा वन आदि उपयोगिता समेत हेरी प्रति रोपनी रु. ५०० भूमिकर लिने।

द्रष्टव्यः

(१) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन।

(२) भूमिकर लाग्ने क्षेत्र निर्धारण नगर कार्यपालिकाले गर्नेछ।

## अनुसुची ३

### घरवहाल कर

आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा, वा पोखरी पूरै वा आंशिक रूपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल रकमको बढीमा तिन प्रतिशत।

## अनुसुची ४

## व्यवसाय कर

| सि.नं | विवरण | आ.व २०७४/७५ को लागि करका दरहरु (रु.) |
|---|---|---|
| | **१. ब्यापारिक बस्तु** | |
| १.१ | गहना पसल | ५०००/- |
| १.२ | साईकल | १५००/- |
| १.३ | मोटरसाईकल | ५०००/- |
| १.४ | ट्र्याक्टर | ५५००/- |
| १.५ | चारपाङग्रे हलुका सवारी | ६०००/- |
| १.६ | बस तथा ट्रक | १००००/- |
| १.७ | हार्डवेयर | १००००/- |
| १.८ | रँगरोगन तथा सिसा पसल | ३०००/- |
| १.९ | पेट्रोल पम्प | १५०००/- |
| १.१० | कम्प्युटर, विजुलीका सामान, क्यामेरा, टिभी पसल | २५००/- |
| १.११ | दैनिक उपभोग्य सामानको थोक विक्रेता | २०००/- |
| १.१२ | किराना पसल | १०००/- |
| १.१३ | फलफुल तथा तरकारी पसल | ५००/- |
| १.१४ | सुती उन पसल | १०००/- |
| १.१५ | फेन्सी पसल | २५००/- |
| | **२ निर्माण व्यवसाय** | |
| २.१ | निर्माण व्यवसाय क बर्ग | १७०००/- |
| २.२ | निर्माण व्यवसाय ख बर्ग | १६०००/- |

| | | |
|---|---|---|
| २.३ | निर्माण व्यवसाय ग बर्ग | १५०००/- |
| २.४ | निर्माण व्यवसाय घ बर्ग | १४०००/- |
| | **३ उत्पादनमुलक उद्योग** | |
| ३.१ | चाउचाउ उद्योग | २०००/- |
| ३.२ | मैनबत्ती उद्योग | १५००/- |
| ३.३ | कापी उद्योग | १०००/- |
| | **४ उर्जामुलक उद्योग** | |
| ४.१ | हाईड्रो पावर प्रालि | २५०००/- |
| ४.२ | वायु/सौर्य उर्जा/ कोईला उद्योग | ५०००/- |
| | **५ कृषी तथा बनजन्य उद्योग** | |
| ५.१ | कुटानी पिसानी सहितको तेल पेल्ने मिल | १५००/- |
| ५.२ | कुटानी पिसानी मिल | १०००/- |
| ५.३ | फर्निचर उद्योग | ५०००/- |
| ५.४ | पशु दाना उद्योग | १०००/- |
| ५.५ | पोल्ट्री फर्म | ३०००/- |
| ५.६ | बँगुर पालन | ३०००/- |
| ५.७ | भैसीपालन ब्यबसाय | १०००/- |
| ५.८ | गाईपालन ब्यबसाय | १०००/- |
| ५.९ | बाख्रापालन व्यबसाय | १०००/- |
| ५.१० | स-मिल | ५०००/- |
| ५.११ | जुस तथा अन्य जुस/ पेय पदार्थ | ३०००/- |
| | **६. खनिज उद्योग** | १५०००/- |
| | **७. पर्यटन उद्योग** | |
| ७.१ | होटल उच्च | १००००/- |

| | | |
|---|---|---|
| ७.२ | होटल मध्ययम | ५०००/- |
| ७.३ | होटल सानो | २०००/- |
| ७.४ | साना चिया/खाजा/खाना पसल | १०००/- |
| ७.५ | रेष्टुरेन्ट तथा बार | ५०००/- |
| ७.६ | लज भै डिष्टीलरी सामान बेच्ने | १००००/- |

**८. सेवा उद्योग**

| | | |
|---|---|---|
| ८.१ | अफसेट प्रेस | ५०००/- |
| ८.२ | लेटर प्रेस | १०००/- |
| ८.३ | चलचित्र भिडियो | २५००/- |
| ८.४ | सार्वजनिक परिवहन सेवा नगरपालिकाभित्र प्रधान कार्यालय भएको | ४०००/- |
| ८.५ | सार्वजनिक परिवहन सेवा नगरपालिकाभित्र शाखा कार्यालय भएको | २०००/- |
| ८.६ | फोटोग्राफी | २०००/- |
| ८.७ | प्रयोगशाला | २५००/- |

**९. निर्माण उद्योग**

| | | |
|---|---|---|
| ९.१ | सिमेन्ट ब्लक उद्योग | ५०००/- |
| ९.२ | मेटल/ग्रिल उद्योग | ५०००/- |
| ९.३ | ढुङगा उद्योग | ५०००/- |
| ९.४ | ईट्टा उद्योग | २५००/- |

**१०. सँचार सेवा**

| | | |
|---|---|---|
| १०.१ | निजी मोवाईल सेवा केन्द्र | २०००/- |
| १०.२ | निजी टेलिफोन तथा फ्याक्स,फोटोकपी सेवा | २०००/- |
| १०.३ | मोवाईल मर्मत केन्द्र | २०००/- |
| १०.४ | कुरियर सेवा | २०००/- |
| १०.५ | साईवर सेवा | २०००/- |

| | | |
|---|---|---|
| १०.६ | स्क्रीन प्रिन्ट तथा प्रकासन | २०००/- |

**११. वित्तिय सेवा**

| | | |
|---|---|---|
| ११.१ | आर्थीक कारोवार गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ५०००/- |
| ११.२ | आर्थीक कारोवार गर्ने वित्तिय कम्पनीको शाखा कार्यालय | ३०००/- |
| ११.३ | विमा कम्पनी | ३०००/- |
| ११.४ | विदेशी मुद्रा सटही | ३०००/- |
| ११.५ | मनी ट्रान्सफर | ३०००/- |
| ११.६ | धितोपत्र कारोवार | ३०००/- |
| ११.७ | सहकारी बैँक | ३०००/- |
| ११.८ | निजी क्षेत्रका वाणिज्य बैकहरु | ५०००/- |

**१२. स्वास्थ्य सेवा**

| | | |
|---|---|---|
| १२.१ | गैह सरकारी अस्पताल | २५०००/- |
| १२.२ | सामुदायिक अस्पताल | ५०००/- |
| १२.३ | निजी अस्पताल | ३५०००/- |
| १२.४ | नर्सिङ होम | २००००/- |
| १२.५ | ल्याव तथा क्लिनिक | १५०००/- |
| १२.६ | औषधी पसल | ५०००/- |
| १२.७ | जडीबुटी पसल | ३०००/- |
| १२.८ | पशु स्वास्थ्य औषधी पसल | ३०००/- |

**१३. विशेषज्ञ/परामर्श तथा अन्य व्यवसायिक सेवा**

| | | |
|---|---|---|
| १३.१ | चिकित्सक | १००००/- |
| १३.२ | दन्त चिकित्सक | ८०००/- |
| १३.३ | पशु चिकित्सक | ८०००/- |
| १३.४ | ईञ्जिनियर | १००००/- |

| | | |
|---|---|---|
| १३.५ | कानुन व्यवसायी | १००००/- |
| १३.६ | लेखापरिक्षक क बर्ग | ८०००/- |
| १३.७ | लेखापरिक्षक ख बर्ग | ७०००/- |
| १३.८ | लेखापरिक्षक ग बर्ग | ६०००/- |
| १३.९ | लेखापरिक्षक घ बर्ग | ५०००/- |
| १३.१० | विमा एजेन्ट | ५०००/- |
| १३.११ | सर्भेयर | ५०००/- |
| १३.१२ | अनुवादक | ३०००/- |
| १३.१३ | नोटर पब्लिक सेवा | ५०००/- |
| १३.१४ | अनुसन्धानकर्ता | ४०००/- |
| १३.१५ | सामान ढुवानीकर्ता कम्पनी | ९०००/- |
| १३.१६ | सँस्थागत पेन्टर | ५०००/- |

## १४. शिक्षा सेवा

| | | |
|---|---|---|
| १४.१ | नीजि क्षेत्रका क्याम्पस र उमावि | २५०००/- |
| १४.२ | नीजि क्षेत्रका मावि | २००००/- |
| १४.३ | नीजि क्षेत्रका निमावि | १५०००/- |
| १४.४ | नीजि क्षेत्रका प्रावि | १००००/- |
| १४.५ | नीजि क्षेत्रका पुर्व प्रावि | ५०००/- |
| १४.६ | नीजि क्षेत्रका होस्टेलहरु | १००००/- |
| १४.७ | तालिम तथा अनुसन्धान केन्द्र | ८०००/- |
| १४.८ | प्राविधिक शिक्षालय | १००००/- |
| १४.९ | कम्प्युटर प्रशिक्षण केन्द्र | ५०००/- |
| १४.१० | ट्युशन तथा कोचिङ सेन्टर | १००००/- |
| १४.११ | भाषा प्रशिक्षण केन्द्र | १००००/- |

## १५. मर्मत सँभार केन्द्र

| | | |
|---|---|---|
| १५.१ | बस/ट्रक/कार/जीप | ५०००/- |
| १५.२ | मोटरसाईकल | ४०००/- |
| १५.३ | साईकल तथा अन्य | २०००/- |
| १५.४ | रेडियो/टिभी/घडी/अन्य विद्युतिय सामान | १०००/- |

## १६. अन्य सेवा

| | | |
|---|---|---|
| १६.१ | विज्ञापन एजेन्सी | १००००/- |
| १६.२ | बैदेशिक रोजगार सेवा | १००००/- |
| १६.३ | स्वदेशी रोजगार सेवा | ५०००/- |
| १६.४ | ब्युटी पार्लर | २०००/- |
| १६.५ | ड्राई क्लिनर्स | २०००/- |
| १६.६ | फोटो स्टुडियो | ३०००/- |
| १६.७ | साईनबोर्ड पेन्टिङ सेवा | २०००/- |
| १६.८ | पशु वधशाला | २०००/- |
| १६.९ | हाउजिङ कम्पनी तथा घरजग्गा खरिदविक्री | २००००/- |

## १७. माशु पसल

| | | |
|---|---|---|
| १७.१ | माशु मिश्रित कुखुरा र माछा बाहेक | २०००/- |
| १७.२ | माशु कुखुरा | १०००/- |
| १७.३ | माशु खसी बोका | २०००/- |
| १७.४ | माशु राँगा/बँगुर | १०००/- |
| १७.५ | माछा | १०००/- |

## १८. माथिको बर्गीकरणमा नपरेका विविध

| | | |
|---|---|---|
| १८.१ | सिलाई केन्द्र/सिलाई प्रशिक्षण केन्द्र | २०००/- |
| १८.२ | कवाडी | ३०००/- |

| | | |
|---|---|---|
| १८.३ | टेलर्स | १५००/- |
| १८.४ | जुत्ता पसल | १५००/- |
| १८.५ | भाँडा पसल | १५००/- |
| १८.६ | चुरा पसल टङ्कीमा राखेको | १०००/- |
| १८.७ | काठ तथा स्टील फर्निचर पसल | ५०००/- |
| १८.८ | चस्मा पसल | २०००/- |
| १८.९ | मेशिनरी पार्टपुर्जा पसल | ५०००/- |
| १८.१० | हजाम पसल | २०००/- |
| १८.११ | ड्राइभिङ ईन्स्टिच्युट | ५०००/- |
| १८.१२ | पान पसल | ५००/- |
| १८.१२ | डिजिटल कलर ल्याव | २५००/- |
| १८.१४ | अडियो/भिडियो क्यासेट सेन्टर | १०००/- |
| १८.१५ | दुग्ध सहकारी सँघ | २५००/- |
| १८.१६ | दुग्ध डेरी | २०००/- |
| १८.१७ | स्यानीटरी सामानको पसल | २०००/- |
| १८.१८ | ग्याँससिलिण्डर विक्रेता | ४०००/- |
| १८.१९ | कोल्ड ड्रिङ्क्स पसल | १५००/- |
| १८.२० | कस्टमेटिक पसल | २०००/- |
| १८.२१ | स्टेशनरी होलसेल | २०००/- |
| १८.२२ | स्टेशनरी पसल | ५०००/- |
| १८.२३ | पत्रपत्रिका पसल | २०००/- |
| १८.२४ | मिष्ठान्न पसल | १०००/- |
| १८.२५ | मःमः रेष्टुराँ | १५००/- |
| १८.२६ | भोजनालय | २०००/- |

| | | |
|---|---|---|
| १८.२७ | अन्य साना पसलहरु | १५००/- |
| १८.२८ | कन्सल्टेन्सी एवँ परामर्श सेवा | ५०००/- |
| १८.२९ | कृषी/फलफुल/वन नर्सरी व्यवसाय | १५००/- |
| १८.३० | कृषी बिउ विजन भण्डार | १०००/- |
| १८.३१ | केवल लाईन प्रशारण | ५०००/- |
| १८.३२ | एफएम रेडियो प्रशारण | ५०००/- |
| १८.३३ | एफएम रेडियो सामुदायिक | ३०००/- |
| १८.३४ | ट्याङ्की पसल | ५००/- |
| १८.३५ | मदिराजन्य पसल | ५०००/- |
| १८.३६ | केवुल, नेटवर्किङ | ५०००/- |

अन्य ब्यवसायः

| | |
|---|---|
| (१) पार्क, पिकनिकस्पट | १५००/- |
| (२) क्यासिनो | १००००/- |
| (३) टुर अपरेटर | १५००/- |
| (४) मसाज पार्लर | १५००/- |

अस्थायी हाट बजार वा घुम्ती पसलः अस्थायी हाटबजारमा वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रूपमा देहाय बमोजिम व्यवसाय करः–

| | |
|---|---|
| (१) घुम्ती (मोवाईल) पसल, खुन्चा समेतमा | रु. २०/- |
| (२) चौपाया प्रति गोटा | रु. ५/- |

| | |
|---|---|
| (३) हाँस कुखुरा आदि प्रति गोटा | रु. १/- |
| (४) साग सब्जी र फलफुल पसल | रु. १०/- |
| (५) अन्य | रु. ९/- |

माथिको वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोवार र स्तर हेरी नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम वार्षिक रू. ५०० देखि २००००।– रुपैयाँसम्म कर।

## अनुसुची ५

## जडिबुटी, कवाडी र जीवजन्तु कर

१. जडिबुटी : बार्षिक रु. ४००००/-

२. कवाडी : बार्षिक रु. ३००००/-

३. जीवजन्तु कर :  बार्षिक रु. ५००००/-

## अनुसुची ६

## सवारी साधन कर

१. सवारी दर्ता तथा वार्षिक सवारी करः

| | |
|---|---|
| (क) बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | ५०००/- |
| (ख) भाडाका कार, जीपमा | ३०००/- |
| (ग) भाडाको टेम्पोमा | १०००/- |
| (घ) भाडाको मिनीवसमा | २०००/- |
| (ङ) निजी कार, टेम्पो, मिनीबसमा | १०००/- |
| (च) स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधनमा | ८००/- |
| (छ) ठेलागाडा तथा रिक्सामा | ५००/- |

***पुनश्चः कुनै एक नगरपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को नगरपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन नपाउने ब्यबस्था गर्ने ।***

२. पटके सवारी करः

नगरपालिकाले आफैंले बनाएको वा आफूलाई हस्तान्तरण भइआएको सडकमा देहायबमोजिम पटके सवारी कर लगाउन सक्नेछ ।

| | |
|---|---|
| (क) निजी तथा भाडाका बस, ट्रक र ट्रैक्टरमा | १००/- |
| (ख) मिनीबसमा | ७०/- |
| (ग) निजी तथा भाडाका कार र टेम्पोमा | ५०/- |
| (घ) अन्य सवारी साधनमा | २५/- |

३. दर्ता तथा सञ्चालन ईजाजत दस्तुरः

नगरपालिका क्षेत्रमा ठेला, रिक्सा, टाँगा, दर्ता गरी नम्बर दिए बापत नगरपालिकाले २५०/- सवारी दर्ता कर लगाउने

## अनुसुची ७

## विज्ञापन कर

१. गल्कोट नगर क्षेत्र भित्र राखिने विभिन्न व्यापारिक विज्ञापन बोर्डहरुमा प्रति वर्ग फिट रु १००
२. व्यवसायिक व्यानरहरुमा प्रति हप्ता रु ५००
३. व्यवसायिक प्रचारप्रसार रिक्सावाट माईकिङमा रु ५००

## अनुसुची ८

### मनोरञ्जन कर

१. सिनेमाहल, भिडियोहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङगीत, मनोञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क चार प्रतिशत।

*तर, ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन।*

२. जादू, सर्कस, चटक आदिमा प्रति दिन दुईसय रुपैया।

३. व्यावसायिक भिडियोमा प्रति भिडियो प्रतिवर्ष तिन सय रुपैयाँ।

## अनुसुची ९

## वहाल विटौरी शुल्क

आफ्नो क्षेत्रमा आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति वर्गफुट मासिक बहाल विटौरी दश रुपैयाँ।

## अनुसुची १०

## पार्किङ शुल्क

१. नगरपालिकाले आफुले व्यवस्था गरेका सवारी पार्कमा पार्किङ्ग गरिएका बस, मिनीबस, ट्रक ट्याक्टरमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा चालीस रुपैयाँ।

२. नगरपालिकाले आफुले निर्माण गरी सञ्चालन गरेको आधुनिक सुविधा सम्पन्न बस पार्कमा प्रतिघण्टा रु. ४० रुपैँया

३. नगरपालिकाले आफुले तोकेको कार पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गर्ने कारमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा बीस रुपैयाँ।

४. माथि उल्लिखित सवारी साधन बाहेक अन्य सवारी साधनहरूका लागि नगरपालिकाले व्यवस्था गरेका क्षेत्रहरूमा पार्किङ्ग समयको आधारमा दश रुपैयाँ।

# अनुसुची ११

## सेवा शुल्क, दस्तुर

### मुल्याङकन सेवा शुल्क

सम्पत्ती मुल्याँकन तथा आयश्रोत प्रमाणितमा पहिलो पटक मुल्याँकन गर्दा मुल्याँकन शुल्क लाग्ने र सोही आ.वमा सोही ब्यक्तीवाट सोही विवरण बमोजिम उल्लेखित मुल्याँकन पुनः प्रमाणितको सिफारिस माग भई आएमा पहिलो पटक मुल्याँकन गर्दा शुरुमा लागेको सेवा शुल्कको २५% दोश्रो पटक ५०% तेश्रो पटक ७५% र सो भन्दा बढी पटक भएमा १००% सेवा शुल्क लाग्नेछ।

| | | |
|---|---|---|
| सम्पत्ती मुल्याँकन प्रति हजार रुपैँयाको | रु. २/- | रु १ करोड सम्म प्रमाणित गर्दा |
| आयश्रोत प्रमाणित प्रति हजार रुपैँयाको | रु. २/- | रु १ करोड सम्म प्रमाणित गर्दा |
| सम्पत्ती/आयश्रोत प्रमाणित प्रति हजार रुपैँयाको | रु. २/- | रु १ करोड भन्दा माथिको लागी थप |

### सिफारिस दस्तुर

| | | |
|---|---|---|
| १ | वँशजको नागरिकता सिफारिस | १०० |
| २ | जन्मको आधारमा नागरिकता सिफारिस | १०० |
| ३ | नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाको नागरिकता सिफारिस | १००० |
| ४ | नागरिकताको प्रतिलिपी सिफारिस | ३०० |
| ५ | नागरिकताको सँसोधन सिफारिस | २०० |
| ६ | नाता प्रमाणित | २५० |
| ७ | विध्धुत सिफारिस | २०० |
| ८ | थ्री फेजको विध्धुत सिफारिस | १००० |
| ९ | नाम सँसोधन/नाम छुट/ दुई नाम सिफारिस | २५० |
| १० | जन्ममिति प्रमाणित | २५० |
| ११ | स्थायी वा अस्थायी बसोबास सम्बन्धि सिफारिस | २०० |
| १२ | नामथर/जन्ममिति सँसोधन सिफारिस | ५०० |
| १३ | घरजग्गा नामसारी सिफारिस | ५०० |

| | | |
|---|---|---|
| १४ | सम्बन्धविच्छेद भएको सिफारिस | १००० |
| १५ | फुकुवा सिफारिस | ५०० |
| १६ | पेन्सन कार्ड वा सो सम्बन्धि अन्य सिफारिस | ५०० |
| १७ | हकवाला सँरक्षण सिफारिस | १५० |
| १८ | नक्कल प्रमाणित दस्तुर मालपोत रसिद समेत | १०० |
| १९ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल प्रति | ५०० |
| २० | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | १००० |
| २१ | घरनक्सा नामसारी | ७०० |
| २२ | घर निर्माण सम्पन्न सिफारिस RCC | २००० |
| २३ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची) | ५०० |
| २४ | नीजि क्षेत्रको रुख कटान सिफारिस | १५०० |
| २५ | मिलापत्र दस्तुर | १००० |
| २६ | नावालक सिफारिस | २५० |
| २७ | घटना दर्ता सिफारिस | २५० |
| २८ | विभिन्न दलित,जनजाती तथा थर सिफारिस | २५० |
| २९ | कर चुक्ता सिफारिस | १००० |
| ३० | पारिवारिक विवरण | ५०० |
| ३१ | खानेपानी सम्बन्धि सिफारिस | २५० |
| ३२ | उध्धोय सिफारिस(साना) | १००० |
| ३३ | उध्धोय सिफारिस(मझौला) | १५०० |
| ३४ | उध्धोय सिफारिस(ठुला) | २००० |
| ३५ | नीजि विद्ध्यालय सँचालन तथा कक्षा थप अनुमतीको सिफारिस | |
| | आधारभुत | ५००० |

| | | |
|---|---|---|
| | मावि | १०००० |
| | उमावि | १५००० |
| | स्नातकतह | २०००० |
| ३६ | वैदेशिक प्रयोजनका लागि अँग्रेजीमा गरिने सबै प्रकारका सिफारिस नाता प्रमाणित समेत | १००० |
| ३७ | चारकिल्ला प्रमाणित | १००० |
| ३८ | सँस्था दर्ता सिफारिस | १००० |
| ३९ | घर ढलान/निर्माण गर्दा बाटो प्रयोग सम्बन्धि सिफारिस | २००० |
| ४० | वडा मुचुल्का दस्तुर | २०० |
| ४१ | माथि उल्लेखित बाहेक सबै प्रकारका सिफारिस | ५०० |
| ४२ | सामान्य सिफारिस | १०० |
| ४३ | समुह दर्ता सिफारिस | ५०० |
| ४४ | समुह नविकरण सिफारिस | ७०० |
| ४५ | सँस्था नविकरण सिफारिस | १००० |
| ४६ | व्यवसाय दर्ता शुल्क | ५०० |

नोटः नगरक्षेत्र भित्रका अपाङ्गता भएकाहरुको परिचयपत्र, आर्थीक अवस्था कमजोर भएको, निःशुल्क उपचारको सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धि सिफारिसहरुमा दस्तुर छुट दिन सकिने छ।

**व्यक्तीगत घटना दर्ता**

| | | |
|---|---|---|
| २३.१ | जन्म दर्ता | २०० |
| २३.२ | मृत्यु दर्ता | २०० |
| २३.३ | विवाह दर्ता | २०० |
| २३.४ | वसाईसराई आउनेको दर्ता | २०० |
| २३.५ | वसाईसराई जानेको दर्ता | २०० |
| २३.६ | सम्बन्ध बिच्छेद | २०० |

२३.७ सबै घटना दर्ताको प्रतिलिपि ३००

## अनुसुची १२

## पर्यटन शुल्क

१. गल्कोट नगरपालिका क्षेत्रमा प्रवेश गरेवापत प्रतिदिन प्रतिव्यक्ति रु. १०/- (विदेशीको हकमा मात्र)

प्रमाणिकरण मितिः २०७४/०४/०१

## आर्थिक (प्रथम सँसोधन) ऐन, २०७४

**गल्कोट नगरपालिकाको आर्थिक ऐन, २०७४ लाई सँसोधन गर्न वाञ्छनिय भएकोले,**

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गल्कोट नगर सभाले यो ऐन बनाएको छ।

१६. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक (प्रथम सँसोधन) ऐन, २०७४" रहेको छ।

(2) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**१७. आर्थिक ऐन, २०७४ को अनुसुची ४ मा सँसोधनः आर्थिक ऐन, २०७४ (यस पछि मुल ऐन भनिएको ) को बुदाँ नं. १४ मा सँसोधनः**

**१. तपसिल बमोजिमका बुदाँहरुमा करको दर तपसिल बमोजिम कायम गरिएको छ-**

**बुदाँ नं. १४.१ निजी क्षेत्रका क्याक्पस र उमावि १५०००/-**
**बुदाँ नं. १४.१ नीजि क्षेत्रका मावि १००००/-**
**बुदाँ नं. १४.१ निजी क्षेत्रका आवि ८०००/-**
**बुदाँ नं. १४.१ निजी क्षेत्रका प्रावि ६०००/-**
**बुदाँ नं. १४.१ निजी क्षेत्रका पुर्व प्रावि ३०००/-**

२. मुल ऐनको अनुसुची ४ को बुँदा नं. १८ को उपबुदाँ नं. १८.३६ पछि १८.३७ थप गरी निम्नानुसार थप गर्ने-

| सि.न. | विवरण | आ.व. २०७४/७५ को लागि करका दरहरु |
|---|---|---|
| १८.३७ | सहकारी दर्ता शुल्क | २०००/- |

**३. मुल ऐनको बुदाँ नं. २३.७ पछाडी तपसिल बमोजिम थप गर्ने-**

नक्सापाश र घर कायमको शुल्क

| घर को वर्ग | क | | ख | | ग | | घ | |
|---|---|---|---|---|---|---|---|---|
| शुल्क प्रति बर्गफिट | रू २५/- | रू १५/- | रू १५/- | रू १०/- | रू १०/- | रू ५/- | रू ६/- | रू ३/- |
| वडा | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | दुदिलाभाटी बजार | अन्य | दुदिलाभाटी बजार | अन्य | दुदिलाभाटी बजार | अन्य | दुदिलाभाटी बजार | अन्य |
| २ | नारेठाटि बजार | अन्य | नारेठाटि बजार | अन्य | नारेठाटि बजार | अन्य | नारेठाटि बजार | अन्य |
| ३ | हटीया बजार (मध्यपहाडी राजमार्ग र भित्रि बजार क्षेत्र) | अन्य | हटीया बजार (मध्यपहाडी राजमार्ग र भित्रि बजार क्षेत्र) | अन्य | हटीया बजार (मध्यपहाडी राजमार्ग र भित्रि बजार क्षेत्र) | अन्य | हटीया बजार (मध्यपहाडी राजमार्ग र भित्रि बजार क्षेत्र) | अन्य |
| ४ | | अन्य | | अन्य | | अन्य | | अन्य |
| ५ | हरिचौर बजार | अन्य | हरिचौर बजार | अन्य | हरिचौर बजार | अन्य | हरिचौर बजार | अन्य |
| ६ | मजुवा फाट | अन्य | मजुवा फाट | अन्य | मजुवा फाट | अन्य | मजुवा फाट | अन्य |
| ७ | आगखेत | अन्य | आगखेत | अन्य | आगखेत | अन्य | आगखेत | अन्य |
| ८ | कडेबास बजार | अन्य | कडेबास बजार | अन्य | कडेबास बजार | अन्य | कडेबास बजार | अन्य |
| ९ | रिश्मी (मध्यपहाडी बरिपरि) | अन्य | रिश्मी (मध्यपहाडी बरिपरि) | अन्य | रिश्मी (मध्यपहाडी बरिपरि) | अन्य | रिश्मी (मध्यपहाडी बरिपरि) | अन्य |
| १० | | अन्य | | अन्य | | अन्य | | अन्य |
| ११ | | अन्य | | अन्य | | अन्य | | अन्य |

नोट:

<u>नक्सापाश शुल्क लिने सनदर्भमा घर को वर्ग :</u>

१. क वर्गका भवनः भन्नाले भवन ऐन २०५५ को दफा ८ अनुसारको (क) अत्याधुनिक प्रविधि अपनाई निर्माण हुने वा भएका भवनहरुलाई जनाउँदछ।

प्रमाणिकरण मितिः २०७४/११/०६

# विनियोजन ऐन, २०७४

पारित मितिः २०७४।०३।३१

## गल्कोट नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** गल्कोट नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गल्कोट नगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम "गल्कोट नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४९१६४६०००/- (अक्षेरुपी उनान्पचास लाख सोह्र हजार छयालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त गल्कोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य

चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | नगरकार्यपालिका | १२५५११ | २०८३९९ | | ३३३९१० |
| २ | | वडा समिति | ० | ० | ० | ० |
| ३ | | बिषयगत शाखा | | | | १५७७३६ |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |

प्रमाणिकरण मितिः २०७४/०४/०१